# तपाईं ***काममा जाँदा*** तपाईंका ***सुविधाहरू*** कसरी परिवर्तन हुन्छन्!

तपाईं काममा गएपछि, तपाईं अझै आवश्यक परेका परिवारहरूलाई आर्थिक सहायता (FANF) नगद, चिकित्सा सहायता, फुड स्ट्याम्पहरू, र बाल स्याहार खर्चहरूमा मद्दतका, साथै कामसम्बन्धी अन्य सहायता सेवाहरू पाउन सक्नुहुन्छ।

## *के मैले अझै नगद सहायता पाउन सक्छु?*



जब तपाईं काममा जानुहुन्छ, तपाईं र तपाईंको परिवार अझै पनि तपाईंले आर्जन गर्ने आम्दानीका आधारमा, FANF नगद पाउन सक्नुहुनेछ। आफ्नो पारिवारिक सेवा विशेषज्ञ (FSS) लाई **तपाईंले पहिलो तलब पाएको १० दिनभित्र** सम्पर्क गर्नु पर्दछ। हामीले तपाईंको FANF योग्यता र सुविधा रकम निर्धारण गर्दा हामी तपाईंले आर्जन गर्नुभएको कुल आम्दानीको आधा मात्र गणना गर्नेछौं।

तपाईं काममा गएपछि यदि तपाईं आफ्नो नगद अनुदान पाईराख्नुहुन्छ भने, ***प्रत्येक महिना*** तपाईंले प्राप्त गरेको कुनै पनि नगद सुविधाहरूलाई ***६०-महिनाको आजीवन सीमा***का लागि गणना गरिनेछ। यदि तपाईंको अनुदान रकम कम छ भने, तपाईंलाई यसको बढी आवश्यक पर्दा तपाईं आफ्नो समयलाई भविष्यका लागि सहायतामा बचत गर्ने बारेमा विचार गर्न सक्नुहुनेछ। यद्यपि, **चिकित्सा सहायता, फुड स्ट्याम्पहरू वा बाल स्याहार छात्रवृत्ति प्राप्त गर्नेमा कुनै समय सीमाहरू छैनन्।**

## *चिकित्सा सहायताका बारेमा के व्यवस्था छ?*



यदि तपाईं काम गरिरहनु भएको छ र अझै नगद सहायता प्राप्त गरिरहनु भएको छ भने, तपाईं चिकित्सा सहायता पाईराख्नुहुनेछ। यदि तपाईंको आम्दानीले तपाईंको नगद अनुदानलाई रोक्छ भने, तपाईं आफू र आफ्नो परिवारका लागि थप १२ महिनासम्म विस्तारित चिकित्सा सहायता (EMA) पाउन सक्नुहुन्छ। EMA पाउन तपाईंले *त्रैमासिक विस्तारित चिकित्सा सहायता प्रतिवेदनहरू* भरेर फिर्ता पठाउनुपर्छ, जुन तपाईंलाई प्रत्येक तीन महिनमा पठाइने गरिन्छ। यस कार्यक्रमको पहिलो छ महिनाका लागि कुनै आम्दानी सीमा छैन। पहिलो छ महिनापछि, यदि तपाईंको कुल आर्जित आम्दानीबाट आफैंले गरेको नगद भुक्तानबाल स्याहार खर्चहरू घटाउँदा आउने रकम, तपाईंको परिवारको आकारका लागि आम्दानी सीमाभन्दा बढी आउँदैन भने तपाईं थप छ महिनाका लागि EMA पाउन सक्नुहुन्छ।

तपाईंले EMA पाउन नसक्दा पनि तपाईंको बालबालिकाहरू, बालबालिकाको वा विस्तारित विस्तारित बालबालिका चिकित्सा सहायता कार्यक्रमअन्तर्गत चिकित्सा सुविधाहरूका लागि योग्य हुन सक्छन् र तपाईं NH स्वास्थ्य सुरक्षा कार्यक्रम अन्तर्गत वा स्वास्थ्य बिमा मार्केटप्लेस मार्फत मेडिकल कभरेजमा सहयोग पाउनका लागि योग्य हुन सक्नुहुन्छ। यी कार्यक्रमहरूका बारेमा थप जानकारी प्राप्त गर्न, आफ्नो पारिवारिक सेवा विशेषज्ञसँग कुरा गर्नुहोस् वा हाम्रो वेबसाइट www.dhhs.nh.gov/dfa/medical मा हेर्नुहोस्।

## *के मैले अझै फुड स्ट्याम्पहरू पाउन सक्छु?*



तपाईं काममा जाँदा अझै फुड स्ट्याम्पहरू पाउन सक्नुहुन्छ। हामी तपाईंले काम गर्दा कमाएको आम्दानीको २०% गणना गर्दैनौं। यदि तपाईंको FANF नगद बन्द भयो भने, तपाईं अझै विस्तारित फुड स्ट्याम्पहरू (EFS) पाउन सक्नुहुन्छ। EFS भनेको फुड स्ट्याम्पहरूको त्यो निश्चित रकम हो, जुन तपाईंले आफ्नो FANF नगद बन्द भएको ५ महिना सम्मका लागि प्राप्त गर्नुहुनेछ।

**(थप पछाडी)**

## बाल स्याहार खर्चहरूका बारेमा के व्यवस्था छ?



यदि तपाईं काम गरिरहनुभएको छ, काम खोजिरहनुभएको छ, वा कामका लागि तालिम लिंदै हुनुहुन्छ भने, तपाईं आफ्नो बाल स्याहार खर्चहरूमा सहयोग पाउन सक्नुहुन्छ। तपाईंको घरको आकारका लागि तपाईंको कुल मासिक आम्दानी स्तरले तपाईंको न्यू ह्याम्सायर बाल स्याहार छात्रवृत्तिको दर निर्धारण गर्नेछ। साथसाथै, हामीले FANF, चिकित्सा सहायता, र फुड स्ट्याम्पहरूका लागि तपाईंको आम्दानी गणना गर्दा हामी तपाईंका केही आफैंले गरेको नगद भुक्तान-खर्चहरूको गणना नगर्न सक्छौं।

## बाल सहायताको बारेमा व्यवस्था छ?



यदि तपाईं अझै नगद अनुदान प्राप्त गरिरहनु भएको छ भने, बाल सहायता सेवाहरू शाखा (DCSS) ले यसले संकलन गर्ने कुनै पनि वर्तमान बाल सहायतालाई विगतमा तपाईंको परिवारलाई प्रदान गरिएको सहायताका लागि दिन बाँकी अनुदान तथा कुनै पनि तिर्न बाँकी रकम बराबर आफूसँगै राख्नेछ। जब तपाईंले अनुदान पाउन बन्द हुन्छ, कुनै पनि वर्तमान सहायता र DCSS ले संकलन गरेको तपाईंलाई दिनुपर्ने कुनै पनि विगतको तिर्न बाँकी सहायता तपाईंलाई पठाइनेछ। तपाईं DCSS बाट तपाईंको बाल स्याहार मुद्दा कसरी परिवर्तन हुनेछ तथा तपाईंसँग के-कस्ता विकल्पहरू हुनेछन् भन्ने बारे वर्णन गरिएको एउटा पत्र प्राप्त गर्नुहुनेछ। यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने तपाईंको बाल सहायता कर्मचारीलाई कल गर्नुहोस्।

## के मैले आवास तथा होम हिटिङ खर्चहरूमा सहयोग पाउन सक्छु?



तपाईं अनुदान प्राप्त आवासका लागि योग्य छु वा छैन र अनुदान प्राप्त आवासमा बस्ने परिवारहरूका लागि के-कस्ता कार्यक्रमहरू छन् भन्ने बारेमा थाहा पाउन, टोल-फ्रि, १-८००-४३९-७२४७ मा कल गर्नुहोस्, र न्यू ह्याम्सायर हाउजिङ फाइनान्स अथोरिटीको कोही व्यक्तिसँग कुरा गर्नुहोस्। यदि तपाईंलाई आफ्नो हिटिङ बिल तिर्नमा समस्या भइरहेको छ भने, आफ्नो स्थानीय सामुदायिक गतिविधि कार्यक्रममा कल गरेर इन्धन सहायता कार्यक्रमका बारेमा सोध्नुहोस्। नम्बर तलको "सामुदायिक गतिविधि कार्यक्रम" अन्तर्गत तपाईंको फोन बुकको सेतो पृष्ठमा सूचीबद्ध गरिएको छ।

## यातायात खर्चहरूका बारेमा के व्यवस्था छ?



यदि तपाईं नगद सहायता प्राप्त गरिरहनु भएको छ भने, तपाईं आफ्नो घर, बाल स्याहार प्रदायक, र तपाईंले काम गर्ने ठाउँ बीचको दुईतर्फी यात्राका लागि भुक्तानी फिर्ता पाउन सक्नुहुन्छ। तपाईंको रोजगारदाताले यसलाई समाप्त गर्नु पर्दैन। साथै, यदि तपाईं अझै नगद अनुदान प्राप्त गरिरहनु भएको छ भने, तपाईं कार मर्मत गर्ने व्यक्तिहरूबाट मद्दत पाउन सक्नुहुन्छ। थप विवरणका लागि आफ्नो NHEP टोलीलाई कल गर्नुहोस्।

## आर्जित आय कर क्रेडिट के हो?



आर्जित आय कर क्रेडिट (EITC) भनेको केही काम गर्ने मानिसहरूका लागि विशेष संघीय आय कर क्रेडिट हो। तपाईं आफ्नो परिवारको आम्दानी र घरमा रहेका निर्भर बालबालिकाहरूको संख्याका आधारमा रकम पाउन सक्नुहुन्छ। तपाईंले आर्जन गर्न सक्ने आम्दानी रकम र EITC का लागि अझै योग्य प्रत्येक वर्ष परिवर्तन हुन्छन्। जब तपाईं आफ्नो संघीय आय कर दायर गर्न तयार हुनुहुन्छ, तब नयाँ रकमहरू तपाईंले आफ्नो आय करहरूको आँकडा बनाउन प्रयोग गर्ने IRS फारमहरूमा पाउन सक्नुहुन्छ। कर क्रेडिटहरूका बारेमा थप जानकारीका लागि www.irs.gov/eitc मा जानुहोस् वा १-८००-Tax-१०४० मा कल गर्नुहोस्।

तपाईंले आफ्नो संघीय कर विवरण बुझाएपछि तपाईं सबै EITC पाउन सक्नुहुन्छ, वा तपाईं केही आफ्नो तलबसँगै र बाँकी तपाईंले आफ्नो संघीय कर विवरण बुझाएपछि पाउन सक्नुहुन्छ। यदि तपाईंले यो आफ्नो तलबको साथमा पाउनुभयो भने, यो FANF नगद, चिकित्सा सहायता, वा फुड स्ट्याम्पहरूका लागि आम्दानीका रुपमा गणना हुँदैन। EITC का बारेमा आफ्नो रोजगारदातालाई सोध्नुहोस्, वा UNH सहकारी एक्स्टेन्सनलाई १-८००-३६६-३४५६ मा कल गरेर उनीहरूको नि:शुल्क आर्जित आय कर क्रेडिट प्रकाशनहरूका लागि अनुरोध गर्नुहोस्। मद्दत तथा कर तयारीका लागि www.NhEITC.org मा जानुहोस् वा २११ डायल गर्नुहोस्।

**हामीलाई सम्पर्क गर्न, कृपया १-८००-८५२-३३४५ एक्स्टेन्शन ९७०० मा कल गर्नुहोस्, वा हाम्रो यस वेबसाइटमा हेर्नुहोस्: *www.dhhs.nh.gov/DFA***

*स्वास्थ्य तथा मान सेवा विभाग न्यू ह्याम्सायर, १२९ प्लिजन्ट स्ट्रिट, कन्कर्ड, न्यु ह्याम्सायर ०३३०१*